जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४  अंक ६४  २०८१ साल असोज १५ गते मंगलबार (1 Oct. 2024 Tuesday)  मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : पहिरोको जोखिम र बढ्दा... ३ पृष्ठमा : मानवीय सहायता परिचालनमा ... ३ पृष्ठमा :'लेबनानमा भएको हवाई...

## विद्यालयसम्म पहुँच पुऱ्याउने उद्देश्यले पाँच सय बालबालिकालाई शैक्षिक सामग्री



**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

बालबालिकालाई विद्यालयसम्म पहुँच पुऱ्याउन उद्देश्यका साथ राजगढ गाउँपालिकाका एक विद्यालयमा बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

सो गाउँपालिका ४ बेल्ही चेपनास्थित श्री जनता माध्यमिक विद्यालयमा सोमवार एक कार्यक्रमको आयोजना गरी ५ सय जना बालबालिकालाई स्कूल ब्याग, कापी, पेन्सिल, ईरेजर, कटर, टाई बेल्ट लगायतका शैक्षिक सामग्री वितरण गरिएको हो ।

कार्यक्रममा ४ सय बालबालिकालाई चार सय दरले छात्रवृत्ति रकम समेत वितरण गरिएको छ ।

गाउँपालिका अध्यक्ष ओम प्रकाश मण्डलले छोराछोरीलाई राम्रो शिक्षा दिने अभिभावकहरुको रहर हुँदा हुँदै आर्थिक अभावका कारण रहर पुरा गर्न असमर्थ रहने गरेको पाईएकाले शैक्षिकस्तर उन्नति कार्यक्रम अन्तरगत पालिका भित्रका विद्यालयहरुमा क्रमिक रुपमा शैक्षिक सामग्री वितरण कार्यक्रम थालिएको बताए ।

समाजसेवी एवम् राष्ट्रिय मुक्ति क्रान्ति नेपालका केन्द्रीय सदस्य गजेन्द्र मण्डलले शिक्षातर्फ आकर्षित गराउन तथा विद्यालयमा निरन्तर उपस्थितिका लागि प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकाले थालेको प्रयास प्रशंसनीय रहेको बताए ।

उनले यस्तो कार्यक्रम प्रभावकारी बनाउन शिक्षक र अभिभावक दुवैले सहयोग गर्नुपर्ने बताए । अभिभावकले आ आफ्ना बालबालिकालाई समयमा तयार गरेर विद्यालय पठाउन तथा सरसफाईमा विशेष ध्यान दिनुपर्नेमा जोड दिदै उनले प्राप्त शैक्षिक सामग्रीको सदुपयोग गर्न बालबालिकालाई सुझाव समेत दिए ।

विद्यालयद्वारा आयोजना गरिएको कार्यक्रममा वडा अध्यक्ष अशोक साह, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्दकिशोर मण्डल, सदस्य अभिनन्दन मण्डल, बुतनी सदा, प्राध्यानाध्यापक रविन्द्र साह, अभिभावक राजकुमार मण्डल लगायतले पनि बोल्दै यस्ता कार्यक्रमले बालबालिकालाई विद्यालयमा पहुँच र पढाईमा आकर्षण बढाउन मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे ।

## मधेस प्रदेशमा बाढीबाट ६ जनाको मृत्यु, ५६ लाखको क्षति

जनकपुर, १४ असोज (रासस) ।

मधेस प्रदेशमा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या ६ पुगेको छ । मृत्यु हुनेमा एक बालिकासमेत रहेकी छिन् । मृत्यु हुनेमा महोत्तरी र रौतहटका दुई दुई तथा सप्तरी र सर्लाहीका एक एकजना रहेका छन् ।

बाढीले बगाउँदा दुईजना बेपत्ता छन् भने आठजना घाइते भएका मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सुवासचन्द्र बोहोराले जानकारी दिनुभयो । बेपत्ता हुनेमा सर्लाही र पर्साका एक एकजना रहेका छन् । मधेसका आठ जिल्लामा बाढीबाट रु ५६ लाखको क्षति भएको छ ।

बाढीबाट नौ पशुचौपाया समेत मरेका छन् । मृत्यु हुनेमा महोत्तरीको गौशाला नगरपालिका-८ का १६ वर्षीय रोहित साह र बर्दीवास नगरपालिका-११ का २१ वर्षीय मानबहादुर थिङ, सप्तरीको बलान बिहुल गाउँपालिका-४ घर भई हाल राजविराज नगरपालिका-८ मा बस्दैआएका आठ वर्षीय प्रिन्सकुमार साह, रौतहटको दुर्गाभगवती गाउँपालिका-४ का ३७ वर्षीय राजकुमार मुखिया र परोँहा नगरपालिका-७ की १४ वर्षीया आशाकुमारी साह तथा सर्लाहीको बलरा नगरपालिका-३ लक्ष्मीपुरका १२ वर्षीय अङ्कित ठाकुर रहेका छन् ।

यसैगरी सर्लाहीको बागमती नगरपालिका-९ का १५ वर्षीय मुकेश महतो सोती खोलाले बगाउँदा बेपत्ता भएका छन् । पर्सामा एक बालिका बेपत्ता भएकी छिन् । आठ जिल्लामध्ये रौतहटमा तीन, सिरहामा एक, सर्लाहीमा एक तथा बारामा तीनजना घाइते भएका प्रहरी उपरीक्षक बोहोराले जानकारी दिनुभयो ।

बाढीमा ९६ परिवारका चार सय ८८ जना विस्थापित भएका छन् । बाढीमा फसेका ३५ जनालाई उद्दार गरिएको छ । सोमबारदेखि प्रदेशको जनजीवन सामान्य हुँदैगएको छ ।

## मधेस प्रदेश सरकारद्वारा आपत्कालीन रकम विनियोजन

धनुषा, १४ असोज (रासस) ।

मधेस प्रदेश सरकारले अविरल वर्षाले पुऱ्याएको क्षतिबापत् पीडितलाई राहत तथा पुनःस्थापना गर्न आठवटै जिल्लालाई एक/एक करोड आपत्कालीन रकम विनियोजन गर्ने निर्णय गरेको छ ।

मधेसमा बाढीबाट भएको सडक क्षतिको पुनः निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयलाई तत्कालै पाँच करोड रकम विनियोजन गर्ने निर्णय गरेको हो । आइतबार बसेको मधेस प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको मुख्यमन्त्री सतिशकुमार सिंहले जानकारी दिनुभयो । मुख्यमन्त्री सिंहले भन्नुभयो, "मधेस सरकारका गृह, सञ्चार तथा कानुनमन्त्रीको अगुवाइमा प्रादेशिक सुरक्षा समितिको बैठक बस्न लगाएर मधेसको कुन वडामा कति क्षति भएको छ, वडास्तरीय क्षतिका विवरण ल्याउन निर्देशनसमेत दिइएको छ ।"

मुख्यमन्त्री सिंहले देशभरिका बाढी र पहिरोको प्रकोपले मधेस अछुतो नरहेको र आठवटै जिल्लामा समस्या भए पनि सप्तरीमा कोशी नदीका कारण हनुमाननगर कङ्कालनी, रौतहटमा बागमती नदीका कारण राजदेवी नगरपालिका र सर्लाहीमा बकैया र बागमती नदीका कारण बलरा नगरपालिकासहितका पालिकाहरु अति प्रभावित भएको जानकारी दिनुभयो । उहाँले मन्त्रिपरिषद्को बैठकबाट सम्पूर्ण दातृ निकायहरुलाई राहतका लागि खुल्ला आह्वान गरिएको र प्रभावित क्षेत्रमा पुग्न आग्रह गर्ने निर्णय भएको बताउनुभयो ।

मुख्यमन्त्री सिंहले मधेसको प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएकोसमेत बताउनुभयो ।

## पानीमा डुबेको अवस्थामा बालकको शव भेटियो

**दैनिक समाचारदाता**
**सर्लाही, १४ असोज ।**

सर्लाहीको बलरा नगरपालिकास्थित लक्ष्मीपुरमा पानीमा डुबेको अवस्थामा एक बालकको शव फेला परेका छ ।

बलरा नगरपालिका-३, स्थित लक्ष्मीपुरका १२ वर्षीय अङ्कित ठाकुरको शव सोमबार पानीमा डुबेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

बिहान घरदेखि दुई किलोमिटरको दूरीमा बाढीको पानी जमेको खाल्डोमा डुबेको

*बाँकी तीन पृष्ठमा*

## माओवादीका सांसदले राहत कोषमा दश दिनको पारिश्रमिक दिने

काठमाडौं, १४ असोज (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)ले बाढीपहिरो पीडितका लागि केन्द्रीय राहत कोष स्थापना गरेको छ ।

पार्टीको ग्लोबल आइएमई बैङ्क कोटेश्वर शाखामा रहेको ३६०१०१०००००४५ नम्बरको खातामा रकम जम्मा गर्न सकिने गरी केन्द्रीय राहत कोष स्थापना गरिएको माओवादीले जनाएको छ ।

पदाधिकारी बैठकको निर्णयअनुसार राहतकोष स्थापना गरेर माओवादी केन्द्रले मातहतका कमिटीलाई राहत जम्मा गर्न परिपत्र पनि गरिसकेको छ । सो केन्द्रीय राहतकोषमा सङ्घीय संसद्का सदस्य र प्रदेशसभा सदस्यहरूले दश/दश दिनको पारिश्रमिक जम्मा गर्ने छन् । स्थानीय तहका जनप्रतिनिधिलाई स्वैच्छिक सहयोग गर्न माओवादी केन्द्रले परिपत्रसमेत गरेको छ ।

पार्टीका प्रदेश समितिले पनि राहत रकम सङ्कलन गरी केन्द्रीय राहतकोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाइएको माओवादी केन्द्रको कार्यलय सचिव डोरप्रसाद उपाध्यायले जानकारी दिनुभयो । केन्द्रीय कार्यालयमा पार्टीको विपद् व्यवस्थापन विभागले 'हेल्प डेस्क' स्थापना गरेर दैनिक विपतको स्थिति अद्यावधिक गर्ने व्यवस्था माओवादीले जनाएको छ ।

## विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अधुरा कार्यहरु सम्पन्न गराएर मात्र नयाँ कार्यको थालनी गरौं

सप्तरी जिल्लामा विगतका वर्षदेखी भइरहेका विकासीय कार्यहरुलाई सम्पन्न गराउनेतर्फ ध्यान दिनु पर्ने आवश्यकता रहेको छ । ती अधुरा विकासीय कार्यहरुलाई सम्पन्न गराउनेतर्फ जनप्रतिनिधिहरुले पनि तदारुकता देखाउनु जरुरी छ । कुनै कारणवस समयमै सम्पन्न हुन नसकेका त्यस्ता कार्यहरुलाई ढिलो नगरि सम्पन्न गरेर मात्र नयाँ कार्यलाई प्राथमिकतामा राख्नु पर्छ । स्थानिय पालिकाहरुले विभिन्न योजना तथा विकासीय कार्यहरु हालसम्म पनि सम्पन्न गराउन नसक्दा जनताहरुले सास्ती व्यहोर्नु परिरहेको छ ।

जिल्लाको अधिकांश पालिकाहरु आन्तरिक विवादमा चुर्लिएको छ । आगामी बजेटलाई लिएर उनीहरु आफैमा विवाद गर्न व्यस्त देखिन्छन् । ती पालिकाहरुमा अहिले पनि विवादै कायमै रहेकोले त्यसलाई समाधान गर्नेतर्फ ध्यान दिनु पनि उत्तिकै आवश्यक छ । प्रमुख अध्यक्षलगायत अन्य जनप्रतिनिधिहरुबीच तालमेल नहुँदा विकासीय कार्यहरु समेत ओझेलमा परेको छ । यसका लागि स्थानियहरुले खबरदारी गरेर विकासीय कार्यप्रति चनाखो हुनु आवश्यक छ ।

तसर्थ त्यस्ता कार्यहरुलाई आगामी दिनमा सम्पन्न गराउनेतर्फ जनप्रतिनिधिहरु गम्भिर हुनु आवश्यक छ भने जनताले पनि निगरानी बढाउनु पनि उत्तिकै आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# पहिरोको जोखिम र बढ्दो सवारी दुर्घटना

**प्रा विशालनाथ उप्रेती**
काठमाडौं, १४ असोज (रासस) ।

नेपालमा सवारीसाधनको सङ्ख्या साढे चार लाखभन्दा बढी पुगिसकेको छ । त्यसैगरी सवारीसाधनको भित्रिने क्रम प्रत्येक वर्ष १० देखि १७ प्रतिशतका दरले वृद्धि भइरहेको छ । यस्तो अवस्थामा सवारीसाधन बढ्दै जाने तर सडकको अवस्था दयनीय रहँदा सवारी दुर्घटनामा बढोत्तरी हुने गर्दछ । नेपालमा सडक विस्तारको क्रम तीव्र छ । हाल देशको कूल सडक सञ्जाल करिब ६४ हजार ५०० किमी रहेको छ । त्यसमा १३ हजार ५०० किमी राजमार्गमा पर्दछ । अन्य देशको तुलनामा सडकको घनत्व पनि निकै कम छ । यहाँ १४ किमी प्रतिसय वर्ग किमी (०.९ किमी) रहेको छ ।

**दुर्घटनाको यस्तो छ तथ्याङ्क**

नेपालको सडक विपद्को दृष्टिले निकै उच्च जोखिममा रहेको छ । सडकको दुरावस्थाले प्रकोपले भन्दा बढी मानिस मरिरहेका छन् । विश्व स्वास्थ्य सङ्गठनको सन् २०१८ को तथ्याङ्कअनुसार यहाँ वर्षमा एक लाख मानिसमा १६ जनाको सडक दुर्घटनामा मृत्यु हुने गरेको छ । यहाँ दर्ता भएका एक लाख सवारीसाधनमध्ये वर्षेनि ४५० वटा दुर्घटनामा पर्दछन् । नेपाल प्रहरीको २०१९ को तथ्याङ्कअनुसार सन् २०१६ मा १६ हजारवटा सडक दुर्घटना हुँदा दुई हजार ३८४ जनाको मृत्यु हुने गर्दछ भने चार हजार २५० जना शक्त घाइते र आठ हजार २९० जना सामान्य घाइते भएका थिए । सन् २०१९ मा १३ हजार वटा सडक दुर्घटना भएकामा दुई हजार ७३६ जनाको ज्यान गएको थियो भने १० हजार ७३१ जना सख्त घाइते भएका थिए । सन् २०२० मा सडक दुर्घटनाबाट चार हजार ६६५ जनाको मृत्यु भएको थियो ।

विश्व स्वास्थ्य सङ्गठनको अनुसार जापानको तुलनामा नेपालमा बस, कार, ट्रकको दुर्घटना हुँदा यात्रुको मृत्यु हुने सम्भावना सय गुणाभन्दा बढी रहन्छ । यो सङ्ख्या छिमेकी मुलुक भारतको तुलनामा १० गुणा बढी हो । अन्य देशको तुलनामा दुर्घटनापछि बाँच्ने सम्भावना नेपालमा निकै कम रहेको छ । नेपालमा एक लाख सवारीमा एक हजार ६७७ वटा दुर्घटना हुने गर्दछ भने भूटानमा ३०६, भारतमा १००, चीनमा ३६ र जापानमा सातवटा मात्र दुर्घटना हुने गर्छ । सन् २००७/८ अघिसम्म वर्षमा पाँच हजारभन्दा कमै सवारी दुर्घटना हुन्थ्यो भने २०१७/१८ मा आइपुग्दा यो सङ्ख्या दोब्बरले बढेको देखिन्छ । सन् २०२४ मा यो सङ्ख्या झनै बढी रहेको पाइन्छ । नेपालजस्तो सानो मुलुकमा सवारी दुर्घटनाकै कारण यति ठूलो सङ्ख्यामा मानिसको ज्यान गुमाउनु सामान्य विषय हुन सक्दैन । दुर्घटनामा निर्दोष नागरिकले अकालमा मृत्युवरण गर्नुपरेको, कति अपाङ्ग जीवन बाँच्न बाध्य छन्, धनजनको क्षति त्यत्तिकै छ ।

नेपालमा मनसुनको बेला बाढी, पहिरोसँगै सवारी दुर्घटना पनि बढी हुने गरेको छ । मनसुनसँग विपद् प्रत्यक्ष जोडिएको छ । हाम्रो सडकको अवस्था राम्रो छैन । सडकको चौडाइ र निर्माण गर्दा मापदण्डअनुसार छैन । त्यस्तै धेरैजसो सडकको बनावट निर्माण गर्नुअघि भौगर्भिक अध्ययनअनुसार गरिएको छैन । भौगर्भिक अध्ययनका लागि लाग्ने खर्चलाई हिच्किचाउने गरिन्छ । केही वर्ष अघिसम्म सडक बनाउँदा जथाभावी विस्फोट गरी बनाउने गर्दा त्यसले पछिसम्म पनि सडकको दायाँबायाँ पहिरो जाने गर्दछ । यसको उदाहरण नारायणगढ-मुग्लिन सडकलाई हेर्न सकिन्छ । यहाँ जति नै खर्च गरेर मर्मत गरिए पनि दिगो रूपमा पहिरो रोकथाम हुन सक्दैन ।

मानिस भौतिक सुविधामुखी भएकाले गर्दा जहाँ कुनै सडकको अपरिहार्यता छैन, त्यहाँ पनि सडक निर्माण गर्ने होड चलेको छ । अहिले स्थानीय तहले निर्माण गरेका ग्रामीण सडक पहिरोको उच्च जोखिममा रहेका छन् । यसो हुनुको मुख्य कारण भौगर्भिक इन्जिनियरिङ अध्ययन नगरी डोजरको ड्राइभरले जथाभावी सडक खन्दा यो समस्या आएको हो । गाउँगाउँमा सडक पुग्नु राम्रो हो तर इन्जिनियरिङ तरिकाले नबनाई गाउँ माथि सडक खन्ने र तल बस्ती रहँदा पहिरो गई घरहरू पुर्ने गरेको छ ।

नेपालको हिमाली क्षेत्र भौगर्भिक हिसाबले निकै कमजोर छ । लामो भिरालो पहाडको फेदमा सडक निर्माण गर्दा पहिरो आउने सम्भावना उच्च रहन्छ । वर्षा धेरै हुने देशहरूमध्ये नेपाल पनि पर्दछ । विगत ५०/६० वर्षको तथ्याङ्कलाई हेर्दा महाभारत शृङ्खलाको उत्तर र दक्षिणमा धेरै पानी परेको पाइन्छ । बङ्गालको खाडीबाट आउने मनसुन महाभारतको दक्षिणमा ठोकिन्छ र त्यहाँ धेरै पानी पर्छ । सन् १९९० मा ४५० मिलिमिटरभन्दा बढी पानी पर्दा यस क्षेत्रमा ठूलो बाढी पहिरो गई निकै नोक्सानी गरेको थियो । यसै वर्षको मनसुनमा चाँदनी दोधारा क्षेत्रमा झन्डै ६०० मिलिमिटर पानी परेको थियो भने अघिल्लो साता काठमाडौं उपत्यकामा २०० मिलिमिटरभन्दा बढी वर्षा हुँदा ठूलो जनधनको क्षति भएको थियो । मुग्लिन-नारायणगढ, नागढुङ्गा-मुग्लिन र त्यहाँबाट पोखरासम्म भएको भीषण वर्षाका कारण सवारी दुर्घटनाबाट धेरैको ज्यान गएको छ ।

**सडक सुरक्षाका लागि सुरुङ मार्ग**

मुग्लिन-नारायणघाट सडकको झन्डै ३० किलोमिटर महाभारतमा पर्दछ । यो क्षेत्रमा बर्सेनि पहिरोको कारण धेरै सवारी दुर्घटनाहरू हुने गरेको छ । मर्मतसम्भारका लागि बर्सेनि अर्बौं रुपैयाँ खर्च हुँदा पनि पहिरो रोकथाम हुन सकेको छैन । यो समस्याको दिगो समाधानका लागि दुईघ-तीन किलोमिटरका दुई-तीनवटा सुरुङ निर्माण गर्नै पर्छ । जापान सरकारले बनाएको बनेपा-बर्दिवास सडक निकै महँगो सडक हो । यो सडक पनि पहिरोको उच्च जोखिममा रहेकाले ठाउँठाउँमा सुरुङ बनाउनु आवश्यक छ । यस सडकमा कम्तीमा दुईवटा सुरुङ निर्माण गर्न सकिएमा पहिरोको जोखिमबाट बच्न सकिनाका साथै यात्राको समय पनि झन्डै आधा घट्छ । यात्राको समय घट्नु भनेको इन्धनको खपत पनि कम हुनु हो ।

नेपालको तराईबाट पहाडी जिल्ला जोड्ने अधिकांश सडक चुरे र महाभारत शृङ्खला पार गरेर जाने हुँदा सामान्य वर्षामा पनि पहिरोको जोखिम रहने गरेको छ । ती सडकहरूमा सुरुङ निर्माण गर्न सकिएमा पहिरोको जोखिम कम हुनाका साथै तराई र मध्यपहाडी जिल्लाहरूबीचको दूरी निकै नै कम हुन जान्छ । २५-३० वर्षअघिसम्म सुरुङ मार्ग बनाउने कुरा निकै कठिन र खर्चिलो मानिन्थ्यो । स्वयम् इन्जिनियरहरू पनि यसको पक्षमा थिएनन् । तर अहिले विश्वव्यापी रुपमै प्रविधिको विकाससँगै सुरुङ मार्गलाई निकै सुरक्षित र कम खर्चिलो मान्न थालिएको छ ।

बुटवल-पाल्पा, धरान-धनकुटा सडकमा पनि सुरुङ निर्माण गर्नुपर्ने देखिन्छ । भीमदत्त राजमार्गको भासु पहाडमा पनि सुरुङ निर्माण गर्न सकिन्छ । तत्कालीन राजा महेन्द्रको पालामा निर्माण भएको ललितपुरको टीकाभैरव-हेटौँडाको कान्ति राजपथ पहिरोको उच्च जोखिममा रहेको छ । महाभारत शृङ्खलामा रहेको यो सडक हरेक वर्ष बर्खायाममा पहिरोको जोखिम हुने गरेको छ । यस खण्डमा रहेका दुईवटा ठूला पहिराको जोखिमबाट बच्न एउटा ५०० मिटर र अर्को २०० मिटरको सुरुङ निर्माण गर्नुपर्ने देखिन्छ । ५०० मिटरसम्मको सुरुङ मार्गमा भेन्टिलेसन र बत्तीको आवश्यकता पनि पर्दैन । यस्ता सुरुङहरू दुई-तीन महिनामै तयार हुन सक्दछ ।

हरेक सडक बनाउँदा भौगर्भिक अध्ययन गर्नुपर्दछ । हाम्रो जस्तो हिमालय क्षेत्रको भूगर्भ अन्य देशसँग मेल खाँदैन । हाम्रोजस्तो पहाडी मुलुकमा सडक निर्माण गर्दा सुरुङलाई नै प्राथमिकता दिनुपर्छ । नर्वे, जापान जस्ता देशहरूका अहिले कुल सडक ६० प्रतिशतभन्दा बढी सुरुङ, ३० प्रतिशत जति पुल र बाँकी खुला सतहमा रहेको छ । चीन, भारतलगायत देशहरूले पछिल्लो समय सुरुङ मार्गमा व्यापक जोड दिएका छन् ।

*बाँकी तीन पृष्ठमा*


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

# मानवीय सहायता परिचालनमा विलम्ब नगरौं : मानव अधिकार आयोग

काठमाडौँ, १४ असोज (रासस) । बाढीपहिरो र डुबानलगायत विपद्पछिको उद्धार, राहत वितरण, स्वास्थ्य उपचारलगायत कार्यमा विलम्ब नगर्न राष्ट्रिय मानव अधिकार आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

अनुगमनका क्रममा विपद् प्रतिकार्यमा ढिलाइ हुँदा प्रभावितहरूले थप समस्या भोग्नुपरेको देखिएको पनि आयोगले विज्ञप्तिमार्फत जनाएको छ । "सुरक्षा निकायबाट उद्धारका लागि तदारुकताका साथ कार्य गरिरहेको भए पनि उद्धार सामग्री पर्याप्त नहुँदा उद्धारकार्य प्रभावकारी हुन नसकेको, सरकारले घाइतेहरूको निःशुल्क उपचार गर्ने निर्णय गरे पनि सम्पूर्ण उपचार निःशुल्क हुन नसकेको अनुगमनबाट देखिएको छ", आयोगले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "भारी वर्षा हुन सक्ने हुँदा सतर्कता अपनाउन अनुरोध गरिए पनि विपद्पछिको तत्काल उद्धारका लागि सरकारी निकायबीच समन्वय, संवेदनशीलता र उद्धार सामग्री, उपकरण तथा प्रविधिको अभावका कारण सयौँ व्यक्तिले ज्यान गुमाउनु परेको पाइएको छ ।"

यस्तै, उद्धार गरी अस्थायी रूपमा प्रभावितलाई राखिएका ठाउँहरूमा फोहोर र महामारी फैलिन सक्ने भन्दै स्थानीयले हटाउन माग गर्दा समस्या भएको आयोगको विज्ञप्तिमा उल्लेख छ । अस्थायी आवासको व्यवस्था गरिएका स्थानमा शौचालय, पानी, बिजुली बत्ती, सञ्चार सुविधा तथा फोहोरमैला व्यवस्थापनमा समस्या देखिएको, उद्धार गरिएका केही व्यक्तिहरू गाँस, बास, कपासका लागि आफन्तकामा सहारा लिएर बसेको र केही व्यक्तिले मनोसामाजिक भय र त्रास फैलाउने भ्रामक सूचनाहरू सामाजिक सञ्जालमा प्रसारण गरेको देखिएको पनि आयोगले जनाएको छ ।

साथै, प्राकृतिक विपद्पछि खाद्यान्नलगायत उपभोग्य सामग्रीमा हुनसक्ने कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि र सङ्क्रामक रोग फैलिन सक्ने अवस्थाप्रति सचेत रहन एवम् विपद्को अवस्थामा संवेदनशील भई उच्चतम मानवीय भावनाका साथ उद्धार, राहत तथा पुनःस्थापनाका लागि जुट्न आयोगले आग्रह गरेको छ ।

सोमबारै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण कार्यकारी समितिको बैठकले विपद् प्रभावितका लागि राहत वितरणको प्रक्रिया एकद्वार प्रणालीबाट तत्काल सुरु गर्ने निर्णय गरेको थियो । खोज, उद्धार र राहत कार्यलाई उच्च प्राथमिकतामा राखेर काम गर्न सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय पनि कार्यकारी समितिको सोमबारको बैठकले गरेको छ ।

# अधिकतम भाडा नलिने वायुसेवा संघको निर्णय

काठमाडौँ, १४ असोज (रासस) वायु सेवा सञ्चालक संघले सडक सञ्जाल सहज रुपमा सञ्चालन नभएसम्म हवाई टिकटका लागि तोकिएको अधिकतम भाडा नलिने भएको छ । संघको सोमबार बसेको बैठकले सडक सञ्जाल सहज नभएकाले सडक सुचारु नहुन्जेल अधिकतम मूल्यको टिकट बिक्री नगर्ने निर्णय गरेको हो

'यस विपद्को घडीलाई तथा सर्वसाधारणको हितलाई ध्यानमा राख्दै संघले भदौ १३ गते जारी गरेको 'अपर फेयर' माथिल्लो भाडादरको टिकट सडक सञ्जाल सञ्चालन नभएसम्म कायम राख्ने निर्णय गरेको छ' संघका अध्यक्ष मनोज कार्कीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

हवाई भाडा महङ्गो भएको नागरिकस्तरबाट गुनासो आएपछि संघको आइतबारको बैठकले सोमबार, मङ्गलबार र बुधबार सस्तो टिकट यात्रुलाई उपलब्ध गराउने निर्णय गरेको थियो ।

अध्यक्ष कार्कीले विपद्मा नागरिकको यात्रालाई सहज होस् भनेर सकेसम्म सस्तो दरमा हवाई टिकट बिक्री गरिरहेको दाबी गर्नुभयो । बिहीबारदेखि परेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिरो जाँदा सडक सञ्जाल अवरुद्ध हुदाँ हवाइ उडानमा यात्रुको चाप बढेको छ

आइतबार र सोमबार उडान चाप रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ ।

# राहत सामग्री वितरण गर्दा स्थानीय तहसँग समन्वय गर्नुपर्ने

काठमाडौँ, १४ असोज (रासस) । बाढीपहिरो र डुबानबाट प्रभावितहरूका लागि राहत एवं पुनःस्थापनामा मानवीय सहयोग परिचालन गर्दा स्थानीय तहसँग समन्वय गर्नुपर्ने भएको छ ।

तीन तहका सरकारबीचको समन्वयमा एकीकृत रूपमा एकद्वार प्रणालीमार्फत राहत तथा सहयोग कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने निर्णय भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले राससलाई जानकारी दिनुभयो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण कार्यकारी समितिको सोमबारको बैठकले विपद् प्रभावितहरूका लागि राहत वितरणको प्रक्रिया एकद्वार प्रणालीबाट तत्काल शुरु गर्ने निर्णय भएको बताउनुभयो ।

"स्थानीय तहसँगको समन्वयमा राहत बाढ्ने र एकद्वार प्रणाली कायम गर्ने निर्णय भएको छ । कुनै व्यक्ति वा संस्थाले विपद् प्रभावितहरूका लागि भनेर आफूखुसी पैसा उठाउन नपाउने र कसैले सहयोग गर्न चाहेमा स्थानीय पालिकामार्फत राहत सामग्री तथा सहायता रकम उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइएको छ", प्रवक्ता भट्टराईले भन्नुभयो ।

मानवीय सहायता परिचालनका क्रममा राहत रकम उपलब्ध गराउन चाहनेका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलगायत विभिन्न कोषहरूको खाता नम्बरसहित सूचना जारी गर्ने तयारी भइरहेको पनि उहाँले बताउनुभयो । त्यस्तै, अन्तर्राष्ट्रियस्तरमा विभिन्न देश तथा दातृ निकायसँग मानवीय सहायता परिचालनका लागि आग्रह गर्ने विषयमा भने हालसम्म कुनै निर्णय नभएको पनि भट्टराईले जानकारी दिनुभयो ।

### पहिरोको जोखिम र ...

सुरुङमा हुने खर्च भनेको एकपटक गरिने खर्च भएकाले दिर्घकालीन रूपमा त्यति महँगो हुँदैन । एउटा पहिरोको रोकथाम गर्न करोडौँ रुपैयाँ खर्च गर्दा पनि दिगो रोकथाम हुन सक्दैन । यसले सडक सुरक्षा र दिगो सञ्चालन एवं जनधनको क्षति हुनबाट रोक्न सकिन्छ । सडक विस्तार गर्ने क्रममा जथाभावी पहाड काट्नुभन्दा सुरुङ वा पुलहरूको निर्माणमा ध्यान दिनु बुद्धिमानी हुन्छ ।

नेपाल पनि सुरुङ निर्माणको युगमा प्रवेश गरेको छ । जलविद्युत् आयोजनाहरूमा झन्डै २०० किलोमिटर सुरुङ निर्माण भइसकेको छ । नागढुङ्गा–सिस्ने सुरुङमार्गले नेपालको सडक यातायातमा नयाँ आयाम थपेको छ । तराई मधेस द्रुत मार्गमा निर्माण भएका सुरुङले काठमाडौँ–तराई बीचको दूरी मात्र कम गरेको छैन, सडक सुरक्षामा पनि ध्यान दिएको छ । यद्यपि, यो क्षेत्र चुरे र महाभारत शृङ्खलामा पर्ने भएकाले कतिपय ठाँउमा पहिरोको जोखिम रहेको छ । त्यस्ता ठाउँहरूमा भेटिभर जस्ता वनस्पतिहरूको प्रयोग गरी बायोइन्जिनियरिङबाट पहिरो रोकथाम गर्न सकिन्छ । तर विडम्बना, मुख्य जिम्मेवारी रहेको सडक विभागमा एकजना पनि भू–गर्भविद् र भू–प्राविधिकको दरबन्दी छैन । परामर्शदातामार्फत सडक विभागले सेवा लिने गरे तापनि विज्ञ सेवा प्राप्त गर्न सकेको छैन । (वरिष्ठ भूगर्भविद् उप्रेतीसँग गरिएको कुराकानीमा आधारित)

### पानीमा डुबेको ...

अवस्थामा बालकको शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

जिल्ला प्रहरीका प्रवक्ता प्रहरी नायब निरीक्षक दीपक श्रेष्ठकानुसार गत ११ गते शुक्रबार भारतमा रहेका आफन्तकोमा जान्छु भनेर घरबाट हिँडेका बालक बेपत्ता भएका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको उनले जानकारी दिए ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

राजगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

# विश्व समाचार

## लेबनानमा भएको हवाई आक्रमणमा हमास नेताको मृत्यु

बेरुत, लेबनान, १४ असोज (रासस/एएफपी) ।

प्यालेस्टिनी लडाकू समूह हमासले लेबनानको दक्षिणमा सोमबार भएको आक्रमणमा आफ्ना नेताको मृत्यु भएको जनाएको छ ।

"हमासका नेता फतह शरीफ अबु अल अमीनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "लेबनानमा रहेका हमासका विदेशमामिला हेर्ने नेताको दक्षिण लेबनानको अल बास क्याम्पमा रहेको आफ्नो घरमा भएको हवाई आक्रमणमा मृत्यु भएको छ ।"

आक्रमणमा उहाँकी श्रीमती, छोरा र छोरीसहितको मृत्यु भएको हमासले बताएको छ । लेबनानी राष्ट्रिय समाचार संस्थाले टायर शहर नजिकै अल बासमा हवाई आक्रमण भएको र शिविरलाई निशाना बनाइएको यो पहिलो पटक भएको जनाएको छ ।

पपुलर फ्रन्ट फर द लिबरेशन अफ प्यालेस्टाइन (पिएफएलपी) ले बेरुतको कोला जिल्लामा सोमबार बिहान भएको आक्रमणमा आफ्ना तीन जना सदस्यको मृत्यु भएको बताएको केही घण्टापछि उक्त वक्तव्य आएको हो ।

करिब एक वर्षअघि गाजा युद्ध सुरु भएयता इजरायलले लेबनानमा रहेका हमासका अधिकारीलाई पटक–पटक निशाना बनाउँदै आएको छ ।

गत जनवरीमा इजरायलले गरेको आक्रमणमा हमासका उपनेता सालेह अल–अरुरी र अन्य छ जना लडाकू मारिएका थिए ।गत अगस्टमा दक्षिण लेबनानको सिदोन शहरमा इजरायली आक्रमणमा हमासका कमाण्डर समर अल हजको मृत्यु भएको थियो ।

लेबनानमा रहेका ती शिबिरहरू गाजामा इजरायल स्थापनाको समयमा सन् १९४८ को युद्धताका स्थापना गरिएको थियो । लामो समयदेखिको परम्पराअनुसार लेबनानी सेना शिविरबाट बाहिर रहन्छ र प्यालेस्टिनी समूहलाई त्यहाँको सुरक्षा सम्हाल्ने जिम्मेवारी दिइन्छ ।

## जतिसक्दो चाँडो नयाँ नेता चयन गर्ने हिजबुल्लाहको घोषणा

बेरुत, लेबनान, १४ असोज (रासस/एएफपी) ।

इजरायलले आफ्ना नेता हसन नसरल्लाहको हत्या गरेपछि हिजबुल्लाहका उपनेता नईम कासिमले आफ्नो समूहले 'जतिसक्दो चाँडो' नयाँ प्रमुख चयन गर्ने बताउनुभएको छ ।

उहाँले इरान समर्थित आन्दोलनले इजरायलसँग निरन्तर लड्ने र कुनै पनि स्थलगत आक्रमणको सामना गर्न तयार रहेको पनि बताउनुभएको छ ।

हिजबुल्लाहको अल–मनार च्यानलमा प्रसारण गरिएको भिडियो सम्बोधनमा कासिमले भन्नुभयो, "हामी जतिसक्दो चाँडो पार्टीको नयाँ महासचिव चयन गर्नेछौं।"सम्बोधनमा उहाँले नसरल्लाहको अन्त्येष्टि कहिले गर्ने भन्नेबारे केही बताउनुभएन ।

कासिमका अनुसार दक्षिणी लेबनानमा हिजबुल्लाहका शीर्ष कमाण्डर अली काराके र समूहका अन्य दुई सदस्यसँगको भेटघाटका क्रममा नसरल्लाहको इजरायली आक्रमणबाट मृत्यु भएको थियो ।

कासिमले आफू २० जनाभन्दा बढी अन्य नेतासहित मारिएको इजरायली सेनाको दावीको खण्डन गर्नुभएको छ । कासिमले हिजबुल्लाहले गाजा र प्यालेस्टिनीको समर्थनमा लेबनान र त्यहाँका जनताको रक्षाका इजरायलसँगको युद्ध जारी राख्ने बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "हामी जस्तोसुकै परिस्थितिको सामना गर्नेछौं र यदि इजरायलले स्थलमार्गबाट प्रवेश गर्ने निर्णय गर्‍या भने हामी तयारी अवस्थामा छौं ।"

## रूसले युक्रेनमा सबै निर्धारित लक्ष्य पूरा गर्ने पुटिनको दाबी

मस्को, १४ असोज (रासस/एएफपी) ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सोमबार मस्कोले युद्धको तेस्रो वर्षमा युक्रेनका लागि तय गरेका सबै लक्ष्यहरू पूरा गर्ने बताउनुभएको छ ।

सत्य आफ्नो पक्षमा रहेको दावी गर्दै 'पुनर्मिलन दिवस'को वार्षिकोत्सव मनाउन जारी गरिएको भिडियो सन्देशमार्फत् पुटिनले निर्धारित लक्ष्यहरू प्राप्त हुने बताउनुभएको हो ।

सन् २०२२ फेब्रुअरीमा युक्रेनमा सेना परिचालन गरेपछि रूसले लुगान्स्क, डोनेट्स्क, जापोरिफिया र खेरसन लगायतका क्षेत्रहरू कब्जा गरिसकेको छ ।

सम्बोधनमा पुटिनले युक्रेनमा सेना पठाउनुको उद्देश्य रूसी भाषीलाई नव–नाजीवादबाट जोगाउने रहेको बताउदै यसले नाजीवादीहरूलाई रूसको ऐतिहासिक भूमिबाट सदाका लागि छुट्याउने रहेको उल्लेख गर्नु भएको छ ।

पुटिनले 'पश्चिमी' गठबन्धनको आलोचना गर्दै 'युक्रेनलाई आफ्नो उपनिवेशमा परिणत गरी, रूस लक्षित सैन्य आधार खडा गर्न रूसविरूद्ध घृणा, कट्टरपन्थी राष्ट्रवादलगायतका कुरामा शत्रुता फैलाएको बताउनुभयो । "अहिले हामी हाम्रा भावी सन्तानको सुरक्षा र समृद्धीका लागि लडिरहेका छौं,"पुटिनले भन्नुभयो ।

# मधेस प्रदेशका प्रमुखसमक्ष अख्तियारको प्रतिवेदन पेस

धनुषा, १४ असोज (रासस)।

मधेस प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारी समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयले ३४औँ वार्षिक प्रतिवेदन पेस गरेको छ।

कार्यालयका प्रमुख सह-सचिव रामबहादुर कुरुवाङ्गले सोमबार प्रदेश प्रमुख भण्डारीलाई प्रदेश प्रमुखको सचिवालय मधेस भवनमा पुगेर आयोगको आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो।

प्रदेश प्रमुख भण्डारीले प्रतिवेदन ग्रहण गर्नुहुँदै सुशासनको अभावमा समृद्ध नेपाल तथा सुखी नेपालीको अभियान पूरा गर्न नसकिने भएकाले सुशासन र आर्थिक पारदर्शीता कायम गराउनमा अख्तियारको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो।

उहाँले अख्तियारको प्रतिवेदनमा प्रदेशबाट अनियमिततासम्बन्धी बढी उजुरी परेको विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताउँदै आर्थिक अनुशासन तथा पारदर्शीता स्थापनाका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराउने उल्लेख गर्नुभयो।

अख्तियारको बर्दिबास कार्यालयका प्रमुख रामबहादुर कुरुवाङ्गले अख्तियारमा मधेस प्रदेशका मात्र १० हजार उजुरी रहेको परेको उल्लेख गर्दै कुल उजुरीमध्ये ८० प्रतिशत स्थानीय तहसम्बन्धी भएको जानकारी दिनुभयो।

जिल्लागत रूपमा सबैभन्दा बढी उजुरी धनुषाको रहेको जनाइएको छ। उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ मा धनुषा जिल्लाबाट मात्रै एक हजार एक सय वटा उजुरी परेका छन्। साथै सबैभन्दा कम सर्लाहीबाट छ सय नौ वटा उजुरी परेको जनाइएको छ।

प्रदेशको आठ जिल्लाबाट उक्त आवमा छ हजार तीन सय २४ उजुरी दर्ता भएका छन्। नयाँ दर्ता भएका उजुरी र पुरानो उजुरी गरेर आठ हजार पाँच सय २९ रहेकामा छ हजार चार सय ७२ वटा फछ्र्यौट भएका कार्यालयको भनाइ छ।

# पत्रकारद्वय ढुङ्गाना र कँडेललाई थुनामा पठाउने सर्वोच्चको फैसला

काठमाडौँ, १४ असार (रासस)।

सर्वोच्च अदालतले 'सिधाकुरा डटकम' अनलाइनले प्रकाशन र प्रसारण गरेको अडियोविरुद्ध अदालतको अवहेलना मुद्दामा पत्रकारद्वय नवीन ढुङ्गाना र युवराज कँडेललाई थुनामा पठाउने फैसला गरेको छ।

प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ, न्यायाधीशहरु प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुङ्गाना, हरिप्रसाद फुयाल, डा नहकुल सुवेदी, विनोद शर्मा, महेश शर्मा पौडेल र बालकृष्ण ढकालको बृहत् पूर्ण इजलासले आइतबार गरेको फैसलामा पत्रकारद्वय ढुङ्गाना र कँडेललाई अदालतको अवहेलना ठहर गर्दै थुनामा पठाउने आदेश गरेको हो।

पत्रकार ढुङ्गाना र कँडेलका हकमा उक्त अडियो आफैँ उत्पादन गरेको नभई अर्का प्रत्यर्थी राजकुमार तिमिल्सिनाले उत्पादन गरी ल्याइदिएको तर सामग्रीको परीक्षण नगरी न्यायिक प्रक्रियामा अफवाह फैलाउने कार्य गरेको हुनाले जनही तीन महिना कैद सजाय हुने ठहर गरेको भए पनि पत्रकारद्वयले क्षमायाचना गरी पुनः नदोहोर्‍याउने लिखित प्रतिबद्धता गरेमा सात दिन मात्र थुनामा राखी बाँकी कैद निलम्बन गरिदिने फैसलामा उल्लेख छ। पत¶

अदालतले लिएको बयानका क्रममा पत्रकारद्वयले अदालतको अवहेलना गर्ने नभई केवल प्राप्त सामग्री प्रकाशन गरेको फैसलामा छ। अदालतले राजकुमार तिमिल्सिनाले झुट्टा र काल्पनिक सामग्रीको उत्पादन गरी प्रसारण गर्नका लागि दिएको देखिँदा उक्त कार्यको प्रकृति, गाम्भीर्य र दोषको मात्राअनुसार ६ महिना कैद हुने ठहर गरेको छ।

# दुई दिनमा बाढीसम्बन्धी ४१ लाख मोबाइल 'एसएमएस'

काठमाडौँ, १४ असोज (रासस)।

जल तथा मौसम विज्ञान विभागले गत शुक्रबार र शनिबार गरी दुई दिनमा ४१ लाख सेवाग्राहीलाई मोबाइल एसएमएस पठाएको जानकारी दिएको छ।

बाढीसम्बन्धी जानकारी दिन र बाढीबाट सुरक्षित रहन सन्देश प्रवाह गर्दै नेपाल टेलिकम र एनसेलबाट उक्त एसएमएस पठाइएको हो।

जल तथा मौसमविज्ञान विभागका बाढीविद् विनोद पराजुलीले एनसेलबाट करिब २१ लाख ७२ हजार र नेपाल टेलिकमबाट १९ लाख २१ हजार मोबाइल एसएमएस सर्वसाधारणलाई पठाइएको जानकारी दिनुभयो। "प्राकृतिक विपद्बाट हुन सक्ने सम्भावित धनजनको क्षति न्यूनीकरण गर्ने लक्ष्यले सर्वसाधारणलाई मोबाइल एसएमएस पठाउन नेपाल टेलिकम र एनसेलसँग समझदारी पत्रमा हस्ताक्षर भइसकेको थियो", उहाँले भन्नुभयो, "असोज ११ र १२ गते गरी दुई दिनमा मात्रै विपद्को जोखिम भएको क्षेत्र आसपासमा बस्ने सर्वसाधारणलाई एसएमएस पठाएका थियौँ।"

हाल जल तथा मौसम विज्ञान विभागले मनसुनजन्य विपत्तिबाट जोगाउन वार्षिक ९० लाख एसएमएस सर्वसाधारणलाई पठाउने गरेको जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा जगदीश्वर कर्माचार्यले बताउनुभयो। "हामी प्रत्येक दिन बिहान ६ बजे र बेलुकी ६ बजे मौसमी बुलेटिन प्रकाशन गर्छौं, यसले तीन दिनसम्मको मौसमसम्बन्धी जानकारी दिन सहयोग गरेको छ", उहाँले भन्नुभयो, "यस्तो विपद् ल्याउने किसिमको वर्षा हुन्छ भनेर हामीले मौसमी बुलेटिनमा प्रकाशित गरिसकेका थियौँ। विपद्पछि पनि पूर्व सूचना दिन एसएमएस पठाएका थियौँ। कयौँले थाहा पाएर पनि हेल्चेक्र्याइँ गरेका कारण मानवीय क्षति भएको छ।"

उहाँका अनुसार बाढी र वर्षासम्बन्धी जानकारीका लागि टोल फ्री नम्बर ११५५ र उद्धारका लागि मद्दत माग्न ११४९ को व्यवस्था गरिएको छ। नेपाल टेलिकम र एनसेलले बाढीको पूर्वसूचना उपलब्ध गराउन निःशुल्क एसएमएस प्रवाह गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर (एमओयू) भएपछि एसएमएस प्रवाह गर्न सहज भएको उहाँको भनाइ छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८१/८२ मिति: २०८१/०६/०७
च.नं.

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना |**

जिल्ला सप्तरी साविक गा.वि.स. काचन वडा नं. ८ हाल परिवर्तित बोदेबर्साईन न.पा. वडा नं. ८ वस्ने अशोक कुमार यादव समेतले हाम्रो बुवा स्व. प्रसादी यादवको नाउँमा दर्ता कायम रहेको जिल्ला सप्तरी गा.वि.स. काचन वडा नं. ८क को कि.नं. १७५ को ज.वि. ०-१-१४ ऐ.ऐ. कि.नं. ४६ को ज.वि. ०-२-०.२५ ऐ.ऐ. कि.नं. ४८ को ज.वि. ०-६-३.५ ऐ.ऐ. कि.नं. ५० को ज.वि. ०-४-९.२५ ऐ.ऐ. कि.नं. ५२ को ज.वि. ०-५-४ ऐ.ऐ. कि.नं. ४९ को ज.वि. ०-५-१८.७५ समेत जग्गाको मोठ श्रेस्ता जिर्ण भई श्रेस्ता कायम नरहेकोले उल्लेखित कि.नं. का जग्गाहरुको मोठ श्रेस्ता कायम गरि पाउँ भनि यस कार्यालयमा द.नं. २३२२ मिति २०८१/०५/०२ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८१/०६/०७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ | माथि उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गाधनि श्रेस्ता कायम गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला | म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम जग्गाधनि श्रेस्ता कायम गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ | यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ |

..............................
श्री लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत

प्रमुख मालपोत अधिकृ

# धितो लिलाम बिक्रि गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**तेश्रो पटक प्रकशित मिति : २०८१/०६/१५**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराजको तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०८१/०१/०२ गतेको राजविराज दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना, मिति २०८१/०२/११ गते १५ दिने सूचना र मिति २०८१/०३/१७ गते ७ दिने सूचना प्रकशित गर्दा समेत संस्थाको कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रि गरि यस संस्थाको सम्पूर्ण लेना रकम उपर गरि लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न यो तेश्रो पटक ७ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ। अत उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित लिलाम बिक्रि हुने धितो सुरक्षण सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरि लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनि तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौ। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पति कसैले नसकारेमा वा रितपुर्बक बोलपत्र नपरेमा सहकारी ऐन २०७५ प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस संस्थाले आफैले साकार गरि लिने ब्योहरा समेत सम्बन्धि सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा वा संस्थाले आफैले सकार गर्दा साबिकमा भएको यस संस्थाबाट मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा आफैले साकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि सम्पूर्ण लेना रकम अशुल उपर नभएमा अन्य चल, अचल जायजेथा सम्पतिबाट समेत अशुल उपर गरि लिने र सहकारी ऐन २०७५ बमोजिम कालो सुचिमा समाबेश गरिने ब्योहरा सम्बन्धित सबैलाई सुचित गराईन्छ।

**तपशिल**

| नाम | गा.बि.स/न.पा. | वार्ड न. | कित्ता न. | क्षेत्रफल |
|---|---|---|---|---|
| ऋणीको नाम :- मो. जुबेर अंसारी | बिसहरिया | ९ | ९६९ | ०-१-१७.५-० |
| नागरिकता न. :- ४४३६ | | ९ | ९६८ | ०-१-१७.५-० |
| जन्म मिति :- २०२९/०१/२१ | | | | |
| जारी मिति :- २०४६/१२/२० | | | | |
| बाबुको नाम :- इलियाश अंसारी | | | | |
| बाजेको नाम : - हनिफ अंसारी | | | | |
| ठेगाना : - राजविराज नगरपालिका वडा नं. ०४, सप्तरी | | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**राजविराज -०४ सप्तरी**
**टेलिफोन न. ०३१-५३२५२२/५२१११२**

# कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

**मिति : २०८१/०६/१५**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था राजविराज-०४ को तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको कर्जा रकम यस सहकारी संस्थासंग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउंदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि कर्जा नियमित नगर्नु भएको र बक्योता रकम फर्छ्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो ७ दिने सार्बजनिक सूचना प्रकाशित गरिएको छ। अत : यो सुचनाद्वारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी माग गरिएको छ र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यश संस्थामा सम्पर्क राखी तपाइले तिर्नुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर रकम चुक्ता फच्र्छौट गर्न गराउनको लागी सम्बन्धित ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ। अन्यथा प्रचलित ऐन, कानून, सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा यश संस्थासंग गरेको लिखित शर्त तथा सम्झौता बमोजिम कर्जा सुरक्षणको लागी राखिएको धितो लिलाम बिक्रि गरि संस्थाको लेना असुल उपर गरिने छ र कदम कदाचित राखिएको धितोबाट असुल उपर हुन् नसकेमा प्रचलित कानून अनुसार अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरि सम्बन्धित ऋणी सदस्यलाई कालो सुचिमा सामबेश गर्न तर्फको प्रकृया चलाइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

| नाम | गा.बि.स/न.पा. | वार्ड न. | कित्ता न. | क्षेत्रफल |
|---|---|---|---|---|
| ऋणीको नाम :- सोनाई दास | बसबिट्टी | ०८ | २४० | ०-०-१० |
| बाबुको नाम :- अवधि दास | | | | |
| बाजेको नाम : - साबिचन दास | | | | |
| ठेगाना : - राजविराज नगरपालिका वडा नं. ०५, सप्तरी | | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**राजविराज -०४ सप्तरी**
**टेलिफोन न. ०३१-५३२५२२/५२१११२**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*